नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

शुभकामना

पत्र सङ्ख्याः
चलानी नं.:

☎ ४२११९२९, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

## दोश्रो राष्ट्रिय कोदो दिवस, २०८३

**"कोदोबाली संरक्षण र प्रवर्धन, खाद्य तथा पोषण सुरक्षा संवर्धन"**

कोदोवालीले साना कृषकको आय आर्जन वढाउन, खाद्य तथा पोषण सुरक्षा प्रवर्धन गर्न, दिगो विकास लक्ष्य हासिल गर्न, जलवायु परिवर्तनवाट हुने असर कम गर्न, जैविक विविधता संरक्षण गर्न र खाद्य प्रणालीको रुपान्तरण गर्न महत्वपूर्ण भूमिका खेल्दछ। राष्ट्रियस्तरमा **"कोदोबाली संरक्षण र प्रवर्धन, खाद्य तथा पोषण सुरक्षा संवर्धन"**भन्ने नाराका साथ मनाउन गईरहेको दोस्रो राष्ट्रिय कोदो दिवस, २०८३ को उपलक्ष्यमा सम्पूर्ण कृषक दाजुभाई तथा दिदीवहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको हिमाली, पहाडी, भित्री मधेश र तराई क्षेत्रमा १२ प्रजातीका कोदोजन्य बालीहरु पाइने भएपनि ७ वटा बालीहरु कोदो, चिनो, कागुनो, जुनेलो, सामा, धानकोदो र घोंगे वा बाज्रा प्रमुख रुपमा खेती गरिन्छ। नेपालमा उत्पादनको दृष्टिले धान, मकै र गहुँ पछि कोदो बाली चौथो स्थानमा पर्दछ। अन्य बालीको तुलनामा कोदोजन्य बालीहरूले सुख्खा, खडेरी तथा उच्च तापक्रम सहन सक्ने, तुलनात्मक रुपमा रोगकिरा कम लाग्ने र रासायनिक मलखादको प्रयोगविना पनि सन्तोषजनक उत्पादन दिन सक्ने हुँदा जलवायु अनुकूलित बालीका रुपमा चिनिन्छन् ।

कोदोजन्य बालीहरुमा उन्नत जात तथा प्रविधिको प्रयोग, सिँचाई, पर्याप्त मलखादको व्यवस्था गर्न सकेमा उत्पादन तथा उत्पादकत्व बढाउन सकिने प्रवल सम्भावना छ । नेपाल कृषि अनुसन्धान परिषदबाट हालसम्म कोदोका ६ वटा जातहरु उन्मोचन तथा दर्ता गरिएको छन् भने अन्य कोदो जन्य बाली र तिनीहरुको जंगली प्रजातिहरुको संरक्षण कार्य राष्ट्रिय जिन बैंक मार्फत हुँदै आएको छ । राष्ट्रिय जिन बैंकमा हालसम्म कोदोजन्य बालीका १२८० भन्दा बढी परिग्रहणहरु सुरक्षित गरी राखिएको छ । देशका विभिन्न स्थानमा स्थापना भई सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरूले स्थानीयस्तरमा कोदो र अन्य रैथाने वालीहरूको संरक्षण एवं दिगो उपयोगमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले प्रदेश र स्थानीय तहसँगको सहकार्यमा कोदोजन्य बालीलाई केन्द्रमा राखी आ.व. २०७७/७८ देखि संघीय शसर्त अनुदानको कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ। प्रदेश र स्थानीय तहहरुले समेत आफ्नै पहलमा स्थान विशेष कोदोजन्य तथा रैथाने बालीहरुको उत्पादन तथा प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्। यसबाट उपभोक्ताहरुमा कोदोजन्य बालीको महत्वबारे सचेतना अभिवृद्धि भई यी बालीहरुको माग तथा उपभोग बढ्दै गएको छ। यद्यपी पहाडका पाखाबारीहरुमा कोदोजन्य बालीहरुको क्षेत्रफल तथा उत्पादन थप वृद्धि हुनसक्ने प्रचुर सम्भावना रहेको छ। तसर्थ कोदोजन्य बालीको महत्व र भूमिकालाई थप उजागर गर्दै कोदोजन्य बालीको संरक्षण र प्रवर्धनमा संयुक्त प्रयासहरु केन्द्रित गरी खाद्य तथा पोषण सुरक्षा प्रवर्धनमा टेवा पुऱ्याउन यस दिवसले सकारात्मक भूमिका खेल्नेछ भन्ने विश्वासका साथ पुनः दोस्रो राष्ट्रिय कोदो दिवस,२०८३ को शुभकामना व्यक्त गर्दछु।

मितिः-२०८३/४/१६
नेपाल सम्वत ११४६

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव


ईमेल : info@moald.gov.np, वेबसाईट : www.moafe.gov.np